का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ पुस २०७९,

बुधबार

11 January 2023,

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२६ । पृष्ठ १४+२ | Madhyanha National Daily | www.madhyanhadaily.com



UNITED

for Excellence



NIMB

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.

NEPAL INVESTMENT MEGA BANK LTD.

समृद्धिको पथमा सँगै अघि बढ्दै

NEPAL INVESTMENT MEGA BANK LIMITED

www.nimb.com.np | Durbar Marg, Kathmandu | Phone: 01-4242530, 01-4228229 | info@nimb.com.np

# एकता
## उत्कृष्टताको लागि

**कुल सम्पत्ति**
**रु. ४७१ अर्ब+**

**कुल पूँजी**
**रु. ५८ अर्ब+**

**कुल निक्षेप**
**रु. ३६० अर्ब+**

**कुल कर्जा**
**रु. ३१९ अर्ब+**

**शाखा सञ्जाल**
**१९६ वटा**

**एक्सटेन्सन काउन्टर**
**५९ वटा**

**ए.टी.एम.**
**१७९ वटा**

**ग्राहक संख्या**
**३० लाख**

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समृद्धिको पथमा सँगै अघि बढ्दै

का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ पुस २०७९,
बुधबार
11 January 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२६ । पृष्ठ १४+२


Madhyanha National Daily

www.madhyanhadaily.com



एमालेसहित सात दलका १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले विश्वासको मत लिने बेलासम्म संसदमा रहेका लगभग सबै सांसदलाई आफ्ना पक्षमा मत दिने अवस्था सिर्जना गराए ।

# प्रधानमन्त्रीलाई प्रचण्ड मत




विपक्षमा २

नेमकिपा १

राजमो १

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत पाएका छन् । मंगलबार दिउँसो संघीय संसद भवनमा उनले प्रतिनिधि सभामा रहेका २७५ सांसदमध्ये २६८ सांसदबाट विश्वासको मत पाए । प्रधानमन्त्री दाहाललाई मत दिनेमा उनकै दल नेकपा माओवादी केन्द्रको ३२, नेपाली कांग्रेसको ८५, नेकपा एमालेको ७९, राष्ट्रिय स्वतन्त्र पार्टीको २०, जनता समाजवादी पार्टीका १२, एकीकृत समाजवादीको १०, राष्ट्रिय प्रजातन्त्र पार्टीको १४, जनमत पार्टीको ६, नागरिक उन्मुक्ति पार्टीको ४ मत, लोकतान्त्रिक समाजवादीको ४ तथा स्वतन्त्र ३ सांसद छन् ।

यो सभामा रहेका कूल सांसदको करिब हुबहु नै रह्यो । संघीय संसद भवनमा भएको निर्वाचन प्रक्रियामा २७० सांसदले भाग लिएका थिए । त्यसमा २ मत उनको विपक्षमा खसेको थियो ।

गत पुस १० गते राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा प्रचण्डलाई देशको ४५ औं प्रधानमन्त्रीको रुपमा नियुक्त गरेकी थिइन् ।

प्रधानमन्त्री नियुक्ति हुँदा उनलाई एमालेका ७८, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, जनमत पार्टीका ६, नागरिक उन्मुक्ति पार्टीका ४ र ३ स्वतन्त्र सांसदले समर्थन जनाएका थिए ।

नेपालको संविधानको धारा ७६ को उपधारा (४) को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान छ । त्यहि अनुसार उनले विश्वासको मत मागेका थिए । जस अन्तर्गत उनले प्रचण्ड बहुमत पाए ।

प्रतिनिधि सभामा उपस्थित मध्ये ९९ दशमलव २५ प्रतिशत सांसदको समर्थन पाए । अर्थात् करिब

– बाँकी पृष्ठ २ मा



*प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिँदै प्रतिनिधिसभा सदस्यहरु । तस्विर : रासस*

## प्रतिपक्षमा सुवाल र केसी मात्रै





**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले असाधारण मत पाएसँगै संसदमा विपक्षीको खोजी भएको छ । सरकारको विपक्षमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर केसी मात्रै देखा परेका छन् ।

कानुनत विपक्षी दल कायम हुन कम्तिमा दश प्रतिशत सदस्य भएको पार्टी सरकारको विपक्षमा उभिएको हुनुपर्छ । विपक्षमा

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## तीन दिनभित्र विदेशी कामदारको एप्रुभल दिने मलेसियाको तयारी

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २६ पुस

मलेसियाले तीन दिनभित्र विदेशी कामदारको एप्रुभल दिने तयारी गरेको छ । १५ देशका विदेशी कामदार लिँदै आएको मलेसियामा विदेशी कामदारको एप्रुभलमा भएको ढिलाइले अर्थतन्त्रमा समस्या सिर्जना गर्न सक्ने निजी क्षेत्रको चेतावनीपछि सरकारले सकेसम्म छिटो एप्रुभल दिने व्यवस्था गरेको हो । मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले वैदेशिक कामदार भर्नाको छुट योजना सात क्षेत्रमा सीमित गरेर आवेदन दिने रोजगारदाताले तीन दिनभित्र आफ्नो आवेदन स्वीकृत गराउन सक्ने व्यवस्था गरिएको बताएका छन् ।

योजनाले रोजगारदाताहरुको आवश्यकता र क्षमताको आधारमा पूर्व-शर्त र कोटा प्रणालीमा नगई श्रोत मुलुकका विदेशी कामदारहरुको प्रवेश स्वीकृत गर्न सजिलो बनाएको र नयाँ व्यवस्था तुरुन्तै लागू हुने पनि गृहमन्त्री इस्माइलले बताए ।

मलेसियाले नेपालसहित बंगलादेश, कम्बोडिया, भारत, इन्डोनेसिया, काजाकिस्तान, लाओस, म्यानमार, नेपाल, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाइल्याण्ड, तुर्कमेनिस्तान, उज्वेकिस्तान र भियतनामलाई श्रोत मुलुकमा राखेको छ ।

स्वीकृत सात क्षेत्रमा औद्योगिक, निर्माण, वृक्षरोपण, कृषि, सेवा, घरेलु कामदार, खानी र उत्खनन् क्षेत्र छन् । मलेसियाको पाम आयल उद्योगमा तत्काल २ लाख विदेशी कामदारको अभाव देखिएको छ । नयाँ व्यवस्थाले मलेसियामा विदेशी श्रमिक लिने प्रक्रियालाई सजिलो बनाउने स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । विदेशी श्रमिक लिने प्रक्रियालाई प्रविधिमा आधारित पूर्णतः अनलाइन बनाउन मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले गृह मन्त्रालय र मानव संशाधन मन्त्रालयलाई निर्देशनसमेत दिएका छन् ।

### संघमा दुईतिहाइ बढी प्रतिनिधि दर्ता

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि दुईतिहाइ भन्दा बढी व्यवसायीले प्रतिनिधि पठाएका छन् । बुधबार साँझसम्म ८ सय ८० मध्ये ६ सय ६७ व्यवसायीले प्रतिनिधि पठाएको कार्यालय सचिव अरुण अर्यालले मध्यान्हलाई जानकारी दिए । उक्त संख्या कुल सदस्य संख्याको करिब ७६ प्रतिशत हो ।

संघको विधानअनुसार साधारणसभाका लागि ५१ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुन्छ । संघको निर्वाचन समितिका अनुसार २७ गते साँझसम्म साधारण सभाका लागि प्रतिनिधि पठाउन सक्ने व्यवस्था छ ।

– बाँकी पृष्ठ २ मा

## सरकारको झुटो आश्वासन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीमा निर्वाचित भए लगत्तै एउटा नारा नै स्थापित गरेका थिए, 'म भ्रष्टाचार गर्दिन, गर्न पनि दिन्न ।' त्यति मात्रै होइन, सिंहदरबारका हरेक कार्यालयको ढोकामा पनि भ्रष्टाचार गर्दिन भन्ने नारा टाँस्न लगाएका थिए ।

तर, भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने नारा दिएका उनै ओलीका मन्त्रीहरु गोकुल बाँस्कोटा, रविन्द्र अधिकारी, भानुभक्त ढकाल, योगेश भट्टराई, ईश्वर पोखरेल र डा. युवराज खतिवडा आदि भ्रष्टाचारको मुद्दामा आरोपित बने । तर, अहिलेसम्म भ्रष्टाचारका घटनामा सत्यतथ्य छानबिन हुनै सकेको छैन ।

यता, प्रचण्डको नेतृत्वमा नयाँ सरकार गठन भएपछि पनि सरकारले भ्रष्टाचारको मुद्दामा शून्य सहनशिलता अपनाउने आश्वासन भने दिन छाडेको छैन । प्रधानमन्त्रीमा नियुक्त हुने बित्तिकै प्रचण्डले भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूतिका लागि सरकार प्रतिबद्ध रहेको बताएका थिए भने उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले यस अघिका भ्रष्टाचारको मुद्धामा उच्चस्तरीय समिति बनाएर छानबिन हुने दाबी गरेका छन् । तर, प्रधानमन्त्री प्रचण्ड सहितका धेरै सांसदहरु पुन निर्वाचित भएर सदनमा गएपछि भ्रष्टाचारबारे सत्यतथ्य बाहिर आउने सम्भावना भने न्यून बन्दै गएको छ ।

तर, राजनीतिक विश्लेषक मुमाराम खनाल भने जनतालाई आश्वासन दिन नेताहरुले भ्रष्टाचार नियन्त्रणको नारा लगाएपनि प्रचण्ड सरकारबाट सम्भव नभएको दाबी गर्छन् । 'प्रचण्ड सरकारबाट भ्रष्टाचार नियन्त्रण सम्भव छैन, किनकी उनै आफैं आरोपित छन् भने उनका दलका र समर्थन गर्ने दलका नेताहरु भ्रष्टाचारमा मुछिएका छन् । तसर्थ, भ्रष्टाचार नियन्त्रण नारामा मात्रै सीमित हुन्छ' उनले भने । साथै उनले अहिलेको खिचडी संसदबाट विकास र समृद्धिको अपेक्षा गर्ने ठाउँ नरहेको पनि प्रष्ट पारेका छन् ।

यता, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहितका नेताहरू क्यान्टोन्मेन्ट व्यवस्थापनको सरकारबाट निकास भएको रकममध्ये १९ अर्ब घोटालामा आरोपित भएका छन् । त्यस्तै, वाइडबडी खरिद, यतिलाई नेपाल ट्रस्टको जग्गा भाडामा दिएको, ओम्नीलाई स्वास्थ्य सामग्री खरिद लगायतका ठूला भ्रष्टाचारका घटनाबारेको सत्यतथ्य पनि हालसम्म छानबिन भएको छैन ।

अझ आरोपित नेताहरु नै संसदमा निर्वाचित भएर आएपछि सरकारले भ्रष्टाचारको मुद्दामा सत्यतथ्य छानबिन गर्ने विश्वास भने घट्दै गएको छ । तरपनि, सरकारले न्यूनतम तथा साझा कार्यक्रममा भने भ्रष्टाचार नियन्त्रणलाई पनि समेटेपछि उक्त विषय विवादित बनेको छ ।

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं, फोन नं. ४२५५४६४, हटलाइन ११९६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np
के तपाइँ सामाजिक सुरक्षा कोषको नियमित योगदानकर्ता हो ? हैन भने तपाइँको रोजगारदातालाई जवाफदेही बनाउन प्रश्न सोध्नुहोस:
✓ म बिमारी हुँदा उपचार तथा अन्य खर्चको ब्यवस्था कसले गर्छ ?
✓ मेरो बालबच्चाको जन्ममा अभिभावकत्व निर्वहनमा आर्थिक सहयोग कस्को रहन्छ ?
✓ कुनै दुर्घटनामा परेँ भने ?
✓ अशक्त वा अपाङ्गतामा पुगेँ भने ?
✓ कुनै कारणले मेरो मृत्यु भयो भने ?
✓ रोजगारीको अन्त्य भो भने ?
✓ मेरो बुढेसकालमा ?
यी र यस्तै अन्य अवस्थामा स्वास्थ्य र सुरक्षा कस्ले दिने, आर्थिक अभाव कस्ले टारि दिने ? जवाफ खोज्नुहोस । हरेक प्रश्नको जवाफ तपाइँको रोजगारदाताले दिन नसके सामाजिक सुरक्षा कोष रोज्नुहोस।
सहभागिता – सह योगदान – र सुविधा
सामाजिक सुरक्षा कोष नै हो विकल्प, छैन दुविधा ।।

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०७९, बुधबार
11 January 2023, Wednesday

# पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइँदै

मध्यान्ह संवाददाता
काठमाडौं, २६ पुस




राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०१ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस आज मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ ।

सिंहदरबार पश्चिम मूलद्वारमा अवस्थित राष्ट्र निर्माताको शालीकमा पुष्पहार अर्पण गरी नेपालको एकीकरणमा उनको योगदानको स्मरण गरिँदैछ । नेपाली सेनाले पनि सैनिक मुख्यालय जङ्गी अड्डामा अवस्थित राष्ट्र निर्माताको शालिकमा माल्यार्पण गर्ने कार्यक्रम तय गरेको छ ।

नागरिकस्तरबाट राजधानीको शान्तिवाटिकावाट बृहत ऱ्यालीको समेत आयोजना गरिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि छुट्टै कार्यक्रम आयोजना गरेको छ । नागरिक तहबाट आयोजना हुने पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस समारोहमा मुलुकका विभिन्न क्षेत्रका विशिष्ट महानुभाव सहभागी हुने छन् ।

विक्रम सम्बत १७७९ पुस २७ गते गोर्खामा जन्मिएका पृथ्वीनारायण शाहले ससाना राज्यलाई एकीकरण गरी आधुनिक नेपाल निर्माण गरेका थिए ।

तत्कालीन नेपालको अवस्थालाई विश्लेषण गर्दै पृथ्वीनारायण शाहबाट भएको दिव्योपदेश अहिले पनि उत्तिकै सान्दर्भिक रहेको भनी दूरदृष्टि व्यक्तिका रुपमा उनको सर्वत्र प्रशंसा हुँदै आएको छ । यसैबीच सरकारले आज सार्वजनिक विदा समेत दिएको छ ।

## पुस्तक प्रदर्शनी

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान परिसरमा पुस्तक प्रदर्शनी शुरु भएको छ । आगामी माघ १० सम्म सञ्चालन हुने प्रदर्शनीको उद्घाटन गर्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले प्रदर्शनीले पुस्तक पढ्ने बानीको विकास गर्न सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गरे । पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तक प्रदर्शनी आयोजना गरिएको आयोजकको भनाइ छ । प्रदर्शनीमा शब्दकोश, ग्रन्थकोश, अनुसन्धनात्मक पुस्तक, धार्मिक, सामाजिक, ऐतिहासिक, दर्शन, बालसाहित्य, समालोचना लगायतका विभिन्न पुस्तकहरु राखिएका छन् । प्रदर्शनीमा पुस्तक खरिदमा १० देखि ८० प्रतिशत छुटको व्यवस्था गरिएको छ । प्रदर्शनी नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा- प्रतिष्ठानले संयुक्त रुपमा आयोजना गरेका हुन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानले पृथ्वी जयन्ती, प्रज्ञा-प्रतिष्ठानको जन्मजयन्ती, नयाँ वर्ष, भानु जयन्ती, मोती जयन्तीलगायतका अवसरमा पुस्तक मेला आयोजना गर्दै आएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानका व्यवस्थापक प्रमुख सुधीर ढुङ्गेलले अघिल्लो प्रदर्शनीमा १५ दिनमा रू आठ लाख बराबरको पुस्तक बिक्री भएको जानकारी दिए ।

## नेपाली सेना एकीकरण टर्च ऱ्याली काठमाडौं आइपुग्यो

नेपाल एकीकरणको क्रममा पृथ्वीनारायण शाह हिँडेको बाटो पछ्याउँदै पदयात्रा शुरु गरेको नेपाली सेनाको 'एकीकरण टर्च ऱ्याली' काठमाडौं आइपुगेको छ । गत बिहीबार गोरखाबाट हिँडेको 'एकीकरण मार्ग पदयात्रा' मंगलबार बिहान ९ बजे काठमाडौं आइपुगेको हो । गोरखाबाट हिँडेको उक्त टोली धादिङको भऱ्याङ भुरुङ, नुवाकोट र ककनी हुँदै काठमाडौं आइपुगेको हो । काठमाडौं आउने क्रममा तारकेश्वर वडा नम्बर ३ ले पाँचमानेमा उक्त टोलीलाई बाजागाजासहित फूलमालाले स्वागत गरेको वडा अध्यक्ष पर्शुराम अर्यालले जानकारी दिए ।

काठमाडौं आइपुगेको उक्त ऱ्याली मंगलबार हनुमानढोकामा पुग्ने नेपाली सेनाका कालीध्वज गण नागार्जुनका सेनानी सागर थापाले बताए । ऱ्यालीमा सहभागी सैनिकहरु पृथ्वीनारायण शाहको समयमा उनको फौजले प्रयोग गरेको जस्तै पोषाक र हतियारमा सजिएका छन् । सिंहदरबार परिसरमा रहेको पृथ्वीनारायण शाहको शालिकमा बुधबार विशेष कार्यक्रम गरेर ऱ्यालीको समापन गरिने कार्यतालिका रहेको नेपाली सेनाले जनाएको छ ।

# नवजात शिशुको मृत्यु भएपछि आम्दा अस्पताल तनावग्रस्त




**दमक/मस–** लापरबाहीका कारण नवजात शिशुको मृत्यु भएको भन्दै दमकको आम्दा अस्पतालमा मंगलबार आक्रोशित समूहले तोडफोड गरेको छ । आक्रोशित भीडले अस्पतालको प्रसूति गृहमा तोडफोड गर्नुका साथै त्यहाँका सिसी क्यामेरा फुटाएको अस्पताल प्रशासनले जनाएको छ । घटनालाई नियन्त्रणमा लिन प्रहरी नै पुग्नुपरेको थियो ।

ईलाका प्रहरी कार्यालय दमकका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीका अनुसार पाँचथरको तुम्बेवा गाउँपालिकाका अध्यक्ष बाबुराम खड्का र उनकी श्रीमती रोशा कट्वाललाई आइतबार राति १०:३० बजे शल्यक्रियामार्फत पुत्रलाभ भएको थियो ।

नवजात शिशुको अवस्था आज बिहानसम्म सामान्य रहेको तर अचानक बिहान ९ बजे शिशुमा समस्या देखिएपछि समयमै उपचार नहुँदा नवजात शिशुको मृत्यु भएको पीडित खड्काको आरोप छ । सुत्केरी आमाको अवस्था जटिल भई थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको बताइएको छ ।

प्रनाउ गिरीको पहलमा पीडित पक्ष र अस्पताल प्रशासनबीच आज दिउँसो छलफल भई सहमति भएको बताइएको छ । आम्दा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश शर्माले शिशुको उपचारमा सक्दो प्रयास गरे पनि बचाउन नसकेको भन्दै दुःख व्यक्त गरे ।

## प्रधानमन्त्रीलाई...

शतप्रतिशत नै । यसरी सत्ता र विपक्षमा रहेका सबैजसो सांसदको समर्थन पाए । यो संसदीय राजनीतिमा बिरलै हुने घटना हो ।

खासमा, वर्तमान सत्ता र ाजनीतिको घनचक्करमा एकले अर्कालाई लडाउने संसदको सबैभन्दा ठूला दुई दल कांग्रेस र नेकपा एमालेको खेलले प्रचण्डलाई यो अपूर्व अवसर जुरेको हो ।

प्रचण्डलाई विश्वासको मत नदिने दुई कम्युनिष्ट पार्टीमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी मात्रै रहे । २७५ सदस्यीय प्रतिनिधिसभामा मनाङबाट निर्वाचित कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बनमा परेर मतदानमा उपस्थित हुन पाएनन् भने सभाको अध्यक्षता गरिहेका पशुपतिशमशेर राणाले मत हालेनन् । अरु तीन सांसद भने बैठकमा उपस्थित भएका थिएनन् ।

एमालेसहित सात दलका १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले विश्वासको मत लिने बेलासम्म संसदमा रहेका लगभग सबै सांसदलाई आफ्ना पक्षमा मत दिने अवस्था सृजना गराए । प्रतिपक्ष दलसमेतको समर्थनले आफूले असाधारण मत पाएको बताउँदै प्रचण्डले आफ्ना अघिल्तिर ठूलै चुनौती रहेको पनि बताए । प्रचण्डलाई मत दिन अहिले कांग्रेस र एमाले दुबै दल तयार हुनुमा अबको दुई वर्षपछि शुरु हुने सरकारको खेलका लागि भएको कतिपयको टिप्पणी छ । नेताहरुका अनुसार एमालेसँग गरिएको सहमतिमा प्रचण्डले साढे दुई वर्षपछि प्रधानमन्त्री छाड्नुपर्ने हुन्छ । त्यसबेला अहिलेकै राजनीतिक गणित कायम रहे संसदको सबैभन्दा ठूलो दल कांग्रेसका संसदीय नेता शेरबहादुर देउवा संविधानको धारा ७६ को उपधारा ३ बमोजिम स्वतः प्रधानमन्त्री बन्नेछन् । देउवा प्रधानमन्त्री बने पनि तीस दिनभित्र संसदमा बहुमतसिद्ध गर्न अरु दलको साथ आवश्यक पर्छ, त्यसबेला माओवादीलाई अहिले लगाएको गुन काम लाग्न सक्छ ।

अर्कातर्फ, एमाले अध्यक्ष ओलीलाई भने प्रचण्डले राजीनामा दिएर मात्र पनि प्रधानमन्त्री बन्ने बाटो खुल्दैन । त्यसका लागि यो बीचमा यात उनले अरु दललाई एमालेमा मिसाएर कांग्रेसभन्दा ठूलो दल बनाउनु पर्दछ या माओवादीसँगै पार्टी एकता गर्नुपर्नेछ । देउवाले ओली र ओलीले देउवालाई नछाड्ने अवस्थामा प्रचण्ड नै फेरि प्रधानमन्त्री रहिरहने अवस्था पनि आउन हुनसक्छ । अर्थात, प्रचण्डले असाधारण समर्थनमा पाउनुमा उनको भन्दा पनि देउवा/ओलीको राजनीतिक स्वार्थ कारक देखिन्छ ।

## प्रतिपक्षमा ....

उभिएको मान्न उसले सरकारलाई समर्थन गर्न वा विश्वासको मत दिएको हुनुहुँदैन । संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ अनुसार २७५ सदस्यीय प्रतिनिधिसभामा दश प्रतिशत अर्थात् कम्तिमा २८ सिट भएको दलले मात्रै विपक्षी दलको मान्यता पाउन सक्छ । यस्तो दलको संसदीय दलको नेताले 'विपक्षी दलको नेता'को मान्यता पाउने कानुनी व्यवस्था छ ।

तर, मंगलबार प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत नदिनेमा एक/एक सिट भएका जनमोर्चा र नेमकिपा मात्रै छ । यस्तो अवस्थामा विपक्षी दलको नेता तोक्ने अधिकार सभामुखमा रहने कानुनी व्यवस्था छ ।

'लिखित मञ्जुरी नभएमा वा मन्त्रिरिषद् गठन गर्ने वा मन्त्रिरिषद गठन गर्न समर्थन गर्ने दलबाहेकका प्रतिनिधिसभा वा राष्टियसभामा दश प्रतिशत वा सोभन्दा बढी सदस्यहरु भएको कुनै पनि दल नभएमा प्रतिनिधिसभा वा राष्टिय सभको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल' विपक्षी दल हुने संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐनमा प्रष्ट छ । अर्थात, एक सिटे दल प्रमुख विपक्षी दल हुने स्थिति सिर्जना हुने गरी कांग्रेसले प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिएको छ । यसप्रति स्वमं सुवाल र केसीले चिन्ता प्रकट गरेका छन् ।

राजमो अध्यक्ष केसी प्रमुख प्रतिपक्षी दलले पनि सरकारलाई समर्थन गरेको दृश्य डरलाग्दो भएको बताउँछन् । मंगलबार प्रतिनिधिसभा बैठकमा उनले भने, 'संसदीय व्यवस्थामा प्रतिपक्ष हुन्छ, मैले जानेको संसदीय व्यवस्था त त्यस्तो हो, नेपालमा त आज विचित्र के भयो भने भएभरका सबै सरकारमा सामेल हुने, सरकारलाई समर्थन गर्ने, यहाँभन्दा हाइसञ्चो सत्तापक्षमा बस्नलाई के हुन्छ ?' अध्यक्ष केसीले संसदमा शक्तिशाली प्रतिपक्ष भएन भने सरकार निरंकुश हुने पनि बताए । कांग्रेसले दिएको समर्थनभित्र कुनै अदृश्य खेल हुन सक्ने पनि उनले आशंका गरेका छन् ।

'बलियो शक्तिशाली प्रतिपक्ष भएन भने त्यो सरकार निरंकुश हुन्छ, त्यसले जे मन लाग्यो उही गर्छ । सबै साथीहरुलाई सरकारमा सामेल भएर विगतमा भएका आफ्नो गल्ती कमजोरी ढाक्ने, त्यहीं भित्र लडामती गरेर एउटालाई पन्छाउने अर्को फेरि सरकारमा आउने ताल त होइन यो ?' उनले भने ।

सरकारलाई समर्थन दिएको दलले समर्थन फिर्ता लिंदा पनि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाको स्मरण गर्दै उनले कांग्रेसले अहिले समर्थन दिएर पछि सरकारलाई अप्ठेरो पार्ने रणनीति हुनसक्ने आशंका गरे । केसीले आफूहरु भने एक्लै भए पनि प्रतिपक्षमा बस्ने बताए ।

## संघमा...

साधारण सभा र निर्वाचन माघ ६ गते हुने तय भएको छ । निर्वाचन समितिका संयोजक ऋषि शर्माले बिहीबार निर्धारित समयसम्म आएका प्रतिनिधि समावेश गरी शुक्रबार साँझ अन्तिम मतदाता नामावली प्रकाशित गरी २९ गते बिहान १० बजेदेखि १२ बजेसम्म उम्मेदवारी दर्ता गरेर सोही दिन दाबी विरोधको मौका दिएर उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गर्ने तालिका बनाएको बताए ।


KUWAIT, UAE र QATAR मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: JUNE BEAUTY SALON COMPANY FOR LADIES — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०९/२६ — चलानी नं.: ६०१९४८३९ — LT. No.: 279204

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 2 | स. काममा दक्ष | 170 | ७२,९९० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | nail Technician | 0 | 2 | | 170 | ७२,९९० | | | | | | | |

२. कम्पनी: Landmark Central Market Co. WLL — शहर: Al Omariya
पूर्व स्वीकृत मितिः २०७९/०२/२६ — चलानी नं.: ६०१८०६९३ — LT. No.: 264672 — पुनी:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 13 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales | 12 | 8 | | 150 | ६४,४०२ | | | | | | | |
| 3. | Waiter | 15 | 15 | | 150 | ६४,४०२ | | | | | | | |

३. कम्पनी: Alia International Hospital — शहर: Kuwait,Mahboula
पूर्व स्वीकृत मितिः २०७८/१०/०४ — चलानी नं.: ६०१७२८८३ — LT. No.: 256389 — पुनी:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper (Indoor) | 50 | 0 | स. काममा दक्ष | 100 | ४२,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: NATIONAL CATERING COMPANY LIMITED-WLL — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९२६ — LT. No.: 249140 — पुनी:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब UAE | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | सम्बन्धित काममा दक्ष | 850 | ३०,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 25 | 0 | | 1200 | ४२,९६० | | | | | | | |
| 3. | Cook/confectionery Asst. | 25 | 0 | | 1200 | ४२,९६० | | | | | | | |
| 4. | Filling Clerk | 25 | 0 | | 1500 | ५३,७०० | | | | | | | |
| 5. | Foreign Food Cook | 25 | 0 | | 2000 | ७१,६०० | | | | | | | |

५. कम्पनी: landmark leisure wll — शहर: Qatar
पूर्व स्वीकृत मितिः २०७९/०२/२७ — चलानी नं.: ६०१८०७४२ — LT. No.: 264725 — पुनी:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier (Female) | 0 | 1 | स. काममा दक्ष | 1500 | ५३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४ गते (18 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



**गेरुवा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सुचना**

**सुचना प्रकाशित मिति २०७९।०९।२६**

यस कार्यालयको तपशिलको मितिमा तपशिल वमोजिमको निर्माण कार्यहरुका लागी विद्युतीय संचार प्रणाली मार्फत बोलपत्र आह्वान गरिएकोमा तपशिलको मितिको दिउसो १२.०० बजे सम्म दर्ता हुन आएका बोलपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १४७(१) अनुसारको मुल्याङ्कन समितिको प्राविधिक प्रस्तावको मुल्याङ्कनको आधारमा सबै बोलपत्रदाताहरु सारभुतरुपमा प्रभावग्राहि भएकाले ऐ नियमावलीको नियम ३१(ङ) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्वन्धित सवैको जानकारीका लागी यो सुचना जारी गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मितिः २०७८।१०।०३ गते,**
**स्थानः गेरुवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय पशुपतिनगर बर्दिया,**
**समयः १२.०० बजे**
**तपशिल**

| क्र.सं | आयोजनाको नाम | ठेक्का नं | सुचना आह्वान मिति | दर्ता हुन आएको मिति | प्राबिधिक पक्षको मुल्यांकन मिति |
|---|---|---|---|---|---|
| १. | CONSTRUCTION OF BLACK TOP RODA FROM THAPA RICE MILL- SYAULIBAZAR-KHOP KENDRA-MAINAPOKHER | W/GRM/NCB/01/2079-080 | 2079-07-02 | 2079-08-02 | 2079-09-25 |
| २ | PATHARIYA RING ROAD DEKHI HARIPUR HUDI CHAINPUR SADAK KALOPATR | W/GRM/NCB/02/2079-080 | 2079-07-02 | 2079-08-02 | 2079-09-18 |
| ३ | PATHARIYA PATWARIPUR KATESHPUR JHABAI SADAK KALOPATRE | W/GRM/NCB/03/2079-080 | 2079-07-02 | 2079-08-02 | 2079-09-17 |
| ४ | KANPUR CHOWK BATA RAJIPUR RA JHUNDI SCHOOL DEKHI JANTA MA.BI GOLA JANE SADAK KALOPATRE YOJANA | W/GRM/NCB/05/2079-080 | 2079-07-04 | 2079-08-06 | 2079-09-22 |
| ५ | EK.PRIYA MA.BI.DEKHI BHAIRAMPUR RA SHANTIBAZAR DEKHI LOHARPUR JANE SADAK KALOPATRE | W/GRM/NCB/06/2079-080 | 2079-07-04 | 2079-08-06 | 2079-09-22 |
| ६ | DAXIN PATHARIYA DEKHI BINDRA JANE RA PARSENIPUR CHOWK DEKHI WARD KARLAYA JANE SADAK KALOPATRE | W/GRM/NCB/07/2079-080 | 2079-07-04 | 2079-08-06 | 2079-09-23 |

**प्रमुख प्रशासकीय अधिकृत**

# १४ महिनामा १७ किलोमिटर सडक कालोपत्र

**युवराज पंगाली/मध्यान्ह**
पौष २६, सुर्खेत



कर्णाली प्रदेश सकारले १४ महिनामा १७ किलोमिटर सडक कालोपत्र गरेको छ।

मंगलबार मुख्यमन्त्री जीवनबहादुर शाहीले आफ्नो १४ महिने उपलब्धी सार्वजनिक गर्दै प्रदेश सरकाले गरेका कामहरु सार्वजनिक गरेका हुन् । २०७८ कात्तिक १६ गते जीवनबहादुरले कर्णाली सरकारको नेतृत्व गरेका शाहिले आफ्नो कार्यकालमा महत्वपूर्ण उपलब्धीहरु भएको बताएका छन् ।

१७ किलोमिटर सडक कालोपत्रेसँगै १ सय १३ किलोमिटर खण्ड स्मिथ तथा ६ सय २२ किलोमिटर कच्ची सडक निर्माण सम्पन्न भएको छ ।

यस्तै १३ वटा झोलुङ्गे पुल, ८ वटा मोटरेवल पुल निर्माण सम्पन्न भएको र १ हजार ५ सय ७१ वटा जनता आवास र १०१ वटा विपन्नका घर निर्माण सम्पन्न भएका उनले जानकारी दिए ।

७ वटा सडक आयो जनालाई बहुवर्षीय ठेक्का सम्झौता गरी निर्माण गर्न अगाडि बढाइएको, प्रदेश मन्त्रालय तथा निकायहरूलाई एउटै परिसरभित्र रहने गरी एकीकृत प्रशासनिक भवन निर्माणको विस्तृत सम्भाव्यता अध्ययनको कार्य सम्पन र भवन निर्माणलाई बहुवर्षीय आयोजनाको रुपमा प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

ग्रामीण क्षेत्रमा सडक सञ्जाल विस्तार गर्न एशियाली विकास बैंकको सहयोगमा ग्रामीण सञ्जाल सुधार आयोजना, स्थानीय तहको केन्द्र र वडाको केन्द्र पक्की सडकले जोड्न विश्व बैंकको सहयोगमा प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम, प्रदेशिक सडक सञ्जाल गुरुयोजना अद्यावधिक गर्ने, उपआयोजना पहिचान एवं तयारी कार्य, आयोजाना संगठन संरचना निर्माण, डिजाइन, लागत अनुमान तथा खरिद सम्बन्धी डकुमेन्ट तयार गरी सहमतिको लागि पठाउने आदि कामहरु अगाडि बढाइएको उनको भनाइ रहेको छ।

साथै एकीकृत वस्ती विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न एकीकृत वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को मस्यौदा तयार भएर एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत ५०९ वटा घर निर्माण भएका छन् ।

पर्यावरणको प्रवर्द्धन तथा हरित क्षेत्रको विस्तार गर्न ६ लाख भन्दा बढी विरुवा उत्पादन गरी प्रदेशका विभिन्न स्थानमा वृक्षारोपण गरिएको, प्रदेशको जडिबुटी उत्पादनको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन र जटामसी, यार्चा गुम्बा, टिमुरलगायतका छ करोड भन्दा बढीको जडिवुटी प्रदेश बाहिर निकासीका साथै जडिबुटी विकास, महिला कृषि वन जस्ता बहुआयमिक कार्यक्रमहरु संचालन गरिएको मुख्यमन्त्री शाहीको भनाई रहेको छ ।

यस्तै, लघु तथा साना घरेलु उद्योगहरु ३४ हजार दर्ता, २ वटा टुर एण्ड ट्राभल एजेन्सी र २ वटा साहसिक पर्यटन उद्योग व्यवसाय दर्ता गरिनुका साथै १२ वटा गाइड प्रमाणीकरण गरिएको छ शाहिले प्रस्तुत गरेको प्रगतीविवरणमा उल्लेख गरिएको छ ।

कर्णालीमा अवरुद्ध विकास पूर्वाधार हरुको निर्माण, '६ ब' को कार्यान्वयन, सुशासन र कानून निर्माण, स्थानीय तहसँगको समन्वय लगायतका क्षेत्रमा महत्वपूर्ण काम गरेको दाबी गर्दै मुख्यमन्त्री शाहीले प्रदेश सरकारको प्रभावकारी काम कारबाहीका लागि कर्णाली प्रदेश निजामति सेवा सम्बन्धी विधेयक, प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका सर्त र सुविधा सम्बन्धी विधेयक लगायत १२ वटा विधेयक तर्जुमा गरी प्रदेश सभामा प्रस्तुत गरिएकोमा पहिले पेश भएकासमेत गरी जम्मा १७ वटा विधेयक प्रदेश सभाबाट पारित भएको बताए । खाद्य अधिकार तथा सम्प्रभुता नियमावलीसहित चार वटा नियमावलीमा समसामयिक संशोधन र ३२ वटा नीति/कार्यविधि/मापदण्ड/निर्देशिका तर्जुमा भएका, हालसम्म ४४ मन्त्रिपरिषद् बैठकबाट १२६ वटा निर्णय भएका शाहीले उल्लेख गरे ।

मुख्यमन्त्रीले हालसम्म स्थानीय तहका र प्रदेशका ५९० रिक्त पदमा विभिन्न तहका कर्मचारीहरु नियुक्तिका लागि सिफारिस गरेको, अधिकृत तहका कर्मचारीको छनौटका लागि विज्ञापन गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको, आगामी दिनमा जनशक्तिको अभावका कारण काम भएन भन्ने समस्याको अन्त्य हुने र प्रदेशमा स्वास्थ्य सेवालाई प्रभावकारी, सरल, सहज, सुलभ र गुणस्तरीय बनाउन प्रदेश स्वास्थ्य सेवा ऐन कार्यान्वयनमा ल्याइएको छ ।


यस्तै, हालसम्म एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि अन्तर्गत ३९४ जना विद्यार्थीहरूलाई छोरी-बुहारी, उच्च शिक्षा जेहेन्दार, उच्च शिक्षा अपाङ, उच्च शिक्षा दलित, द्वन्द्वपीडित, शहिद सन्तति छात्रवृत्ति सरकारले उपलब्ध गराइएको छ । एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि अर्न्तगत १०० सामुदायिक विद्यालयमा स्वास्थ्यकर्मी परिचालन गरिएको छ ।

देशको ठूलो खेलकुद प्रतियोगिता दशौं राष्ट्रिय खेलकुदलाई कर्णाली आयोजना गर्नका लागि पूर्वाधार निर्माणलाई तीव्रता दिइएको मुख्यमन्त्री शाहीले बताए । प्रदेश गौरवको आयोजनाका रुपमा प्रदेश रंगशाला निर्माण भइरहेको बताउँदै मुख्यमनत्री शाहीले रंगशाला शिलान्यासदेखि ३४ पटकसम्म आफु स्वयम् स्थलगत अनुगमनमा गएको बताए । नेपालमै पहिलो पटक भलिवलको कवर्डहल निर्माण भइरहेको छ । प्रदेश रंगशालाको भौतिक पूर्वाधारको ३३ प्रतिशत काम सम्पन्न भएको छ भने समग्रमा ५० प्रतिशत काम सम्पन्न भएको जानकारी दिए ।

मुख्यमन्त्री शाहीले ५९२ वटा साना सिंचाई योजनाको निर्माण तथा मर्मतबाट करिब ३५० हेक्टर जग्गामा थप सिँचाई सुविधा विस्तार भएको बताए । कृषि व्यवसायीकरण र आधुनिकीकरणमार्फत रोजगारी सृर्जना गर्ने उद्देश्यले सञ्चालित ब्याज अनुदान कार्यक्रमबाट १ हजार २२७ जनाले कर्जा सुविधा प्राप्त गरेका बताएका छन् ।

यस्तै कृषि तथा खेलकुदतर्फ हालसम्म ब्याजमा अनुदानवापत ३ करोड ९६ लाख रकम भुक्तानी गरिएको, प्राङ्गारिक कृषि प्रवर्द्धन गर्न कर्णाली प्रदेश प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन मापदण्ड लगायत ६ वटा दस्तावेजहरु तयार गरिएको र १ अर्ब ५५ करोडको कृषि तथा पशुपन्छीजन्य वस्तु प्रदेश बाहिर निकासी भएको शाहीले बताए।

# सैनिकलाई 'प्रकृति संरक्षण पदक'



**काठमाडौं/मस**–नेपाली सेनाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा महत्वपूर्ण योगदान पुऱ्याएका सेनाका रथी, अधिकृत, पदिकलगायत सकलदर्जालाई प्रकृति संरक्षण पदक प्रदान गरेको छ। सैनिक मुख्यालय जंगी अड्डामा सोमबार आयोजित विशेष समारोहबीच प्रधानसेनापति प्रभुराम शर्माले उनीहरुलाई उक्त पदक प्रदान गरेका हुन् ।

प्रकृति संरक्षणमा पुऱ्याएको योगदानको कदरस्वरुप २०७५ जेठ १३ गतेदेखि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम संरक्षित क्षेत्रमा रही एक वर्ष योगदान दिएका सकलदर्जालाई प्रकृति संरक्षण पदक प्रदान गरिँदै आएको छ । हालसम्म १६ हजार १३६ जनाले उक्त पदक प्राप्त गरिसकेका छन् ।

यस वर्ष गत असोज ३ गते संविधान दिवसको अवसरमा दुई हजार आठ सय ८७ जनालाई पदक प्रदान गर्ने घोषणा भएकामा प्रधानसेनापति शर्माले जङ्गी अड्डामा कार्यरत एक रथि, १२ अधिकृत र दुई पदिकलाई प्रकृति संरक्षण पदक प्रदान गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

मौसमी प्रतिकूलता, भौगोलिक विकटता र चोरी सिकारीजस्ता चुनौतीका बीच प्रकृति संरक्षण कार्यमा तैनाथ रहँदा हालसम्म एक सय १६ जनाले वीरगति प्राप्त गरिसकेका छन् । पदक सुशोभन कार्यक्रममा बलाधिकृत रथी सरोजप्रताप राणा, बलाध्यक्ष रथी सिताराम खड्कालगायत सैनिक अधिकृतको उपस्थिति थियो ।

यसैबीच दक्षिण सुडानमा तैनाथ शान्ति सेनाको अदलीबदलीअन्तर्गत आज चन्दननाथ गण (शान्ति सेना) आठौँ डफ्फालाई बदली गर्नका लागि वीरदल गण (शान्ति सेना) नवौँ डफ्फाका २१४ शान्ति सैनिक सेनानी प्रविन उप्रेतीको नेतृत्वमा मंगलबार त्यसतर्फ प्रस्थान गरेका छन्। प्रमुख सेनानी राजन दाहालको कमाण्डमा खटिएको उक्त गणका छ सय ३६ जना यसअघि नै मिशन इलाकामा पुगिसकेका छन् । उक्त मिशनमा तैनाथ चन्दननाथ गण (शान्ति सेना) आठौँ डफ्फाका दुई सय १३ शान्ति सैनिक सेनानी रेखराज श्रेष्ठको नेतृत्वको टोली यही पुस २५ गते स्वदेश फिर्ता भइसकेका छन् ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री N.M.S. Recruitment Service Pvt. Ltd. (Deurali Foreign Employment) (ई.प.नं. १५५६/०७८/०७९) काठमाडौं**ले साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, टोखा न.पा., वडा नं. ०६, काठमाडौं** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**SAUDI मा रोजगार |** कम्पनी: **GHOBABAH TRADING EST.**
शहर: Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ चलानी नं.: ६०१९४८६२ LT. No.: 279391

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tiles Fitter | 2 | 0 | स. काममा दक्ष | 1500 | ४५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४ गते (18 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1174/073/074
**Triveni Hr Solution Pvt. Ltd.**
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
**Email: triveni.overseas341@gmail.com, info@trivenihr.com**

**कतारमा रोजगारको अवसर |** कम्पनी: **ECHO TRADING CONTRACTING AND SERVICES WLL**
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/२४ चलानी नं.: ६०१८७९६१ LT. No.: 272245 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 3. | Painter | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 4. | Technician | 3 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 5. | Labour | 3 | 0 | | 1000 | ३५,९९० | | | | | | | |
| 6. | Secretary | 2 | 0 | | 2100 | ७५,५७९ | | | | | | | |
| 7. | Driver | 1 | 0 | | 1900 | ६८,३८१ | | | | | | | |
| 8. | Messenger | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 9. | Supervisor | 1 | 0 | | 2700 | ९७,१७३ | | | | | | | |
| 10. | Plaster Worker | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 11. | Building Worker | 1 | 0 | | 1100 | ३९,५८९ | | | | | | | |
| 12. | Electric | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |
| 13. | Foreman | 2 | 0 | | 2500 | ८९,९७५ | | | | | | | |
| 14. | General Clean Worker | 3 | 0 | | 1000 | ३५,९९० | | | | | | | |
| 15. | Receptionist | 1 | 0 | | 1200 | ४३,१८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४ गते (18 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1328/074/075
**Excellent Manpower Services Pvt. Ltd.**
**साविक**: (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
**Email: excellentmanpower1328@gmail.com**

## Khaptad Chhededaha Rural Municipality
## Office of The Rural Municipal Executive

Dogadi, Bajura
Sudurpaschim Province, Nepal

**Invitation for Bids**

Notice No :- 02/2079-080
***First Date of Publication: 2079/09/27 BS (11th Jan , 2023AD)***

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura, phone No. 096-690801 or, email: icto.chhededaha@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the **Rajaswa (revenue)** account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.**
   **Name of Office: Khaptad Chhededaha Rural Municipality Office, Bajura**
   **Office Code No.: 801076906**
   **Office Account No.: 06108109220023**
4. Pre-bid meeting shall be held at Khaptad-Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive at **13:00 hours** on **2079/10/17 (31st Jan., 2023 AD).**
5. Electronic bids must be submitted to the office Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 hours on 2079/10/27 (10th Feb., 2023 AD).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours** on **2079/10/27 (10th Feb., 2023 AD)** at the office of Khaptad-Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive. **Bids must be valid for a period of 90 days after bid opening** and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
9. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
10. If Bidder wish to Submit the bid security in the form of cash, bidder has to deposit cash in **Dharauti Account No:-06108109220014** of Khaptad Chhededaha Rural Municipality, Bajura at Himalayan Bank Ltd. Chhededaha Branch, Bajura and Submit Bank Deposit Voucher along with a Bid.

**Details of Works**

| S. N. | Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of: Bid Submission | Last Date of: Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | KCRM/NCB/SBCW/02/2079-080 | Kurpekot Aa.Bi.School Building Construction (2-Room,2-Storey) at KCRM-02, Bajura | 3,000.00 | 6,065,337.46 | 1,85,000.00 | Validity up to 120 days from the last date of bid submission | 2079/10/27 (10th Feb., 2023 AD) 12:00 hrs | 2079/10/27 (10th Feb., 2023 AD) 14:00 hrs |
| 2. | KCRM/NCB/SBCW/03/2079-080 | Kanda Bhawani Ma.Bi. School Building Construction (2-Room, 2-Storey) at KCRM-01, Bajura | | 6,193,557.39 | | | | |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०७९, बुधबार
11 January 2023, Wednesday

सम्पादकीय

## स्वार्थको अभिव्यक्ति

नेपालको संसदीय इतिहासमै सोमबार नौलो दृष्य देखियो । कुनैपनि दललाई प्रष्ट एकल बहुमत प्राप्त नभएको जनादेश आमचुनावबाट आएपनि पुष्पकमल दाहाल प्रचण्ड असाधरण बहुमत पाएर प्रधानमन्त्री भएका छन् । नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति र तीन स्वतन्त्र सांसद गरी १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त प्रचण्डले सोमबार २६८ सांसदबाट विश्वासको मत पाए । विपक्षमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी मात्रै छन् । प्रधानमन्त्री प्रचण्डसँग पहिले नै बहुमत भन्दा धेरै समर्थन हुँदा पनि लगभग राष्ट्रिय सरकार बनेको दृष्य नेपालको राजनीतिक इतिहासमा सायदै देखिएको थियो । अझ ३२ सिट सहितको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यति धेरै मत पाउनु सामान्य कुरा होइन ।

यसरी प्रचण्डलाई अत्याधिक बहुमत दिइरहँदा दलहरूले भने आफूखुशी व्याख्या गरेका छन् । एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डलाई विश्वासको मत दिनुको पछाडि संविधानको रक्षा जोडिएको कांग्रेस, एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले तर्क गरेका छन् । यी दलका प्रमुखले प्रतिनिधिसभालाई पूर्ण कार्यकाल चलाउन विश्वासको मत दिएको तर्क गरेका छन् । उदाहरणका रूपमा भने एमाले अध्यक्ष ओलीले दुई वर्ष पहिले गरेको प्रतिनिधिसभा विघटनको निर्णयलाई अगाडि सारेका छन् । ओलीले पनि आफूमाथि लगाइएको आरोपको खण्डन गरेका छन् । तर संसद् लगभग प्रतिपक्षी विही बन्न पुगेको छ ।

संसदीय अभ्यास र संवैधानिक प्रावधान बिपरीत यसरी अभूतपूर्व एकता देखिरहँदा दलहरूको स्वार्थ भने जनताको हित र मुलुकप्रति देखिएको छैन । विश्वासको मत लिइरहँदा प्रधानमन्त्री प्रचण्डले जति पनि प्रतिबद्धता गरे, त्यसमाथि नेताहरूले बहस नै गरेनन् । समर्थन रहेको भन्दै पञ्छिएका तीनै विषय जनताका निम्ति भने प्रधान हो । आगामी पाँच वर्षसम्म जनताको जीवनमा ल्याउने सुधार, मुलुकको हित र विकासको प्रतिबद्धतामाथि प्रधानमन्त्री प्रचण्ड माथि बलियो प्रश्न उठाउनुको साटो एकप्रकारले नेताहरू एकअर्काप्रति आरोपमा उत्रिए । स्वयम् प्रधानमन्त्री र दलहरूका निम्ति यो सुखद् विषय भएपनि जनता, मुलुक र संवैधानिक व्यवस्थाको हितमा देखिएन । जसलाई आगामी दिनमा सच्याउन जरूरी छ ।

# राष्ट्रिय एकता दिवसको सान्दर्भिकता

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



*हामी अनेकन नाम र शीर्षकमा दिवस मनाइरहेका हुन्छौं । आवश्यक नै नदेखिने विषयलाई पनि राज्यले दिवसको रूपमा मानेको छ । तर, अनेकन नाम र शीर्षकमा दिवस मनाइरहँदा राष्ट्र निर्मातालाई सम्झन भने हामी सक्दैनौं । नेपाल एकीकरणका अभियानकर्ता स्व. पृथ्वीनारायण शाहलाई सम्झने विषयमा पनि हामी राजनीति गर्छौं । जुन निकै बिडम्बनापूर्ण विषय हो ।*

हामीकहाँ दिवसको खाँचो छैन । हात धुने दिवस, टोपी दिवस, एड्स दिवस के-के छन् के-के ? हामी अनेकन नाम र शीर्षकमा दिवस मनाइरहेका हुन्छौं । आवश्यक नै नदेखिने विषयलाई पनि राज्यले दिवसको रुपमा मानेको छ । तर, अनेकन नाम र शीर्षकमा दिवस मनाइरहँदा राष्ट्र निर्मातालाई सम्झन भने हामी सक्दैनौं । नेपाल एकीकरणका अभियानकर्ता स्व. पृथ्वीनारायण शाहलाई सम्झने विषयमा पनि हामी राजनीति गर्छौं । जुन निकै बिडम्बनापूर्ण विषय हो । विश्वमा एक्लै वीर गोर्खालीको नामले चिनिएको देश अहिले आयातमुखी र धेरै हदसम्म परामुखी र औपनिवेशिकतामा रहेको भान हुन्छ । भाषा, भेषभूषा, रहन सहन, अर्थ प्रणाली राजनैतिक प्रणाली केमा छैन औपनिवेशिकता यहाँ ?

राष्ट्रिय मुखपत्र दैनिकमा "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामय, सर्वे भद्राणी पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्" भनी प्रकाशन हुन्थ्यो पहिले । सँगै "जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी" पनि । वालकृष्ण समले भनेका थिए, "देशभक्ति त मर्दैन चुत्थै देश भए पनि ।" यो देशको एकीकरण कसले गरेको होला, कसैलाई सम्झनै नपर्ने ? के हामी आकाशबाट झरेका हौं ? हाम्रो वीर पुर्खा छैन ? कहाँ छ हाम्रो इतिहास ? कति थियो हाम्रो सिमाना, अहिले पनि सिमाना मिचिएको छैन र ? दिव्योपदेशको किन चर्चा नै हुन्न, त्यहाँ घरेलु, कुटीर उद्योग अनि विदेशीलाई गर्नुपर्ने व्यवहार छैन ? के अहिले जस्तो विदेशीको शरणमा रहनु पर्ने भनिएको थियो र ? हो, अहिले मुलुकको राष्ट्रियता कमजोर भएको छ । सुगौलीको सन्धिपछि कायम भएको मेची-महाकाली भूगोल हामीले दरिलो र भरिलो बनाउनु पर्ने हो तर, हुन सकेन । देशमा निरन्तर राजनैतिक रडाको छ । देशलाई चिरा चिरा पारिएको छ । भागबण्डा गरिएको छ । यति सानो देशमा राजनैतिक संयन्त्रहरु अनगिन्ती छन् । नेपालीहरु लाखौं विदेशमा भाँडा माझ्दै छन् । एउटै भवनमा ५/५ वटा मन्त्रालयहरुको साइनबोर्ड राखेर के जात्रा देखाएको ? राजनैतिक व्यक्तिहरु देश बाहिर गएर बाहिरकालाई भित्र ल्याउनु पर्ने बेला भएन र अब ? कसको लागि राजनीति गरिएको हो ? के यसअघि कसैले यो देश चिनेकै थिएन र ? श्री ३ र १०३को शासन त ढल्यो भनेपछि अहिलेको जर्जर अवस्थाबाट देशले त्राण नपाउने ? विदेशीको झोला कति दिन हेर्ने, स्वदेशी उत्पादन खोइ त, व्यापारघाटा र विदेशी ऋण कति छ त ?

सीमा विवादको प्रसङ्ग छ । भाइचाराको सम्बन्ध दक्षिण हाम्रो मितेरी साइनो मजबुत हुनुपर्छ । सुगौली सन्धिपछि मुलुकमा भक्तिधाराको प्रवाह बढेको हो । भानुभक्तले रामायणलाई त्यतिकै लोकभाषामा उजागर गरेका होइनन् । राष्ट्रियताको मियो राजनीतिमै हुन्छ । केही दशक यतादेखि राजनीति रंगकर्मीहरुको थलो बनेको छ । भारतीय जमीन खासगरी सानोतिनो झरीमा पनि दिल्लीको छाता नओढी सुख छैन । चालु नयाँ राजनैतिक परिवेशको सुत्रपात १२ बुँदे सम्झौता दिल्लीमै भएको हो । नेताहरुले उतै पढे, उतै हुर्के, उतै साथीभाइ बनाए । खानपिन, बस् उठ, रहनसहन उतैतिर सिकियो । यताबाट निर्वासित हुँदा होस् वा स्वतन्त्र जीवन यापन गर्दा होस्, भाषा संस्कृतिले डोऱ्याएर होस् सामाजिक परिवेश बिहाबारी, लेनदेन, आर्थिक बजार विविधीकरण या भनौं धार्मिक, सांस्कृतिक परिवेशले नेपाल भारतको सम्बन्ध पुरानै युगदेखि प्रगाढ छ । उत्तरतिर भृकुटीको नामले दक्षिणतिर सीताको नामले पनि धार्मिक, अध्यात्मिक क्षेत्र, नारायणी, विश्वनाथ होस् या पशुपतिनाथ, चारैधाम होस् या द्वादश ज्योति लिंग, पिण्ड पानीदेखि मुक्ति क्षेत्रसम्म जनकपुर होस् या अयोध्या नेता वी.पी, जी.पी., वाजपेयी, गान्धी, नेहरु पुराना नयाँ पुस्तादेखि मोदी युगसम्म नेपाल भारतका सम्बन्ध चिसो तातो हुँदै गर्मी, ठण्डा हुँदै, अध्ययन, अवलोकन, आरोह, अवरोह हुँदै लामो इतिहासदेखि हालसम्मको धरातलमा आइपुगेको छ । पटक-पटकको सीमा विवाद, आर्थिक नाकाबन्दी कुनै बेला भात भान्सा बन्द स्वास-प्रस्वास रोकिँदा पनि अबोध बालकझैं निरीह बस्यौं हामी । अधिकांश हाम्रो अर्थ बजार आयात निर्यात भारतीय भूमिको विकल्प छैन आजसम्म । मजासँग चल्दै आएको तातोपानी व्यापार नाका लामो समयदेखि बन्द छ । काठमाडौं केरुङ्ग बाटो साह्रै असजिलो छ तर, हाम्रा बीरबहादुर शाहले केरुङ्ग कुतीसम्म व्यापार सहज बनाए ।

